


***अङ्क 60***

DeKalb County School District (DCSD) का परिवारहरूलाई अभिवादन छ,

सबैजनाले सुरक्षित र रमणीय सप्ताहन्त बताउनुभयो भन्ने आशा छ। यो नयाँ परिस्थितिमा हामी अभ्यस्त हुँदै गर्दा, डिस्ट्रिक्टमा COVID-19 को संक्रमण फैलिन नदिन संक्रमण न्यूनीकरणका रणनीतिहरू प्रयोग गर्दै गर्दा, म सबै जनालाई डिस्ट्रिक्ट विद्यार्थीहरूलाई सुरक्षित रूपमा शिक्षा प्रदान गर्न प्रतिबद्ध छ भनेर सुनिश्चित हुन चाहन्छु। हामी हाम्रा सबै विद्यार्थीहरूका आवश्यकताहरूमा सहयोग गर्न र उनीहरूको शैक्षिक, शारीरिक, मानसिक, तथा भावनात्मक सुरक्षालाई आफ्नो मुख्य प्रतिबद्धता बनाउन प्रतिबद्ध छौं।

हाम्रा विद्यार्थीहरूको सुरक्षा तथा कल्याण सुनिश्चित गर्न, हामी Centers for Disease Control and Prevention (CDC) ले जारी गरेको निर्देशिका पालना गर्दै निरन्तर रूपमा हाम्रा भवनहरू सफा तथा सेनिटाइज गरिरहने छौं। उपयुक्त तरिकाले मास्क लगाएर र संक्रमण न्यूनीकरणका रणनीतिहरू पालना गरेर, हाम्रा विद्यार्थीहरूले उनीहरूलाई शिक्षा हासिल गर्न, सफल बन्न, र आफ्नो पूर्ण क्षमता हासिल गर्न आवश्यक पर्ने शिक्षण प्राप्त गर्न सक्छन्।

गत हप्ता, DCSD ले कर्मचारीहरूलाई COVID-19 को PCR परीक्षण प्रदान गर्न Our Community HealthCare System (OCHS) सँग सहकार्य गरेको थियो। PCR परीक्षण प्रयोगशालामा जाँच गरिनु पर्दछ र यसको नतिजा आउन 24-48 घण्टा लाग्छ। परीक्षणको माग अत्याधिक रूपमा बढ्नुका साथै बिदाले गर्दा आपूर्तिमा देखिएको अवरोधका कारण, COVID-19 को प्रयोगशाला नतिजा अपेक्षा गरे भन्दा ढिलो आइरहेको छ। OCHS ले सन्चो नभएका कर्मचारीहरूका लागि परामर्श, PCR परीक्षण, तथा रेपिड टेस्टिङ प्रदान गर्न परीक्षण स्थलमा एकजना चिकित्सक र नर्सहरू राखेको थियो।

OCHS ले सुरुमा त संक्रमण पुष्टि भएका कर्मचारी पहिचान गर्न र उनीहरूलाई व्यक्तिगत रूपमा फोन गरेर नतिजाको बारेमा जानकारी गराउन प्रयोगशालासँग सहकार्य गरेको थियो। OCHS ले PCR परीक्षण गर्ने कर्मचारीहरू उपलब्ध गराएको जसले आवश्यक परेको खण्डमा आफ्नो कुनै एक स्थानमा रेपिड टेस्टिङ गर्ने अवसर प्रदान गरेका थिए। OCHS ले यो हप्ता डिस्ट्रिक्टको कार्यालयमा रेपिड टेस्टिङ प्रदान गर्नेछ।

DCSD ले कर्मचारीहरू, विद्यार्थीहरू र समुदायका लागि मासिक रूपमा कोभिड-19 को परीक्षण तथा खोप क्लिनिक पनि सञ्चालन गर्नेछ। हरेक उमेरका लागि निःशुल्क खोपहरू र परीक्षण उपलब्ध हुने छन्। अर्को निर्धारित कार्यक्रम Administrative & Instructional Complex, 1701 Mountain Industrial Blvd, Stone Mountain, GA जनवरी 14, शुक्रवारको दिन बिहान 8:30 बजेदेखि दिउँसो 1:30 बजेसम्म सञ्चालन हुनेछ। दर्ता गर्न, कृपया यहाँ क्लिक गर्नुहोस्।

कृपया DCSD समुदायलाई प्रदान गरिने COVID-19 को परीक्षण तथा खोपको बारेमा थप जानकारी हासिल गर्न COVID सम्बन्धी स्वास्थ्य तथा सुरक्षाको वेबसाइट हेर्दै गर्नुहोला र डिस्ट्रिक्टको फेसबुक, ट्विटर, र इन्स्टाग्राम मा जोडिरहनुहोला। तपाईं किन्डरगार्टन देखि ग्रेड 12 को क्वारेन्टाइनसम्बन्धी जानकारीको लागि CDC को वेबसाइट र किन्डरगार्टन देखि ग्रेड 12 को लागि दैनिक जीवन सामना गर्ने तरिका पनि भ्रमण गर्न सक्नुहुन्छ।



**विद्यार्थी चर्चा**




यो हप्ता, म Cedar Grove Middle का ग्रेड आठ का विद्यार्थी Andrew Hall को बारेमा चर्चा गर्न गइरहेको छु। Andrew उनको विद्यालयका महत्त्वकांक्षी कम्प्युटर प्रोग्रामर हुन्। उनी शिक्षकहरू, कर्मचारीहरू, तथा साथीहरूलाई प्राविधिक सहयोगको आवश्यकतामा सधैँ सहयोग गर्न चाहन्छन्। Andrew उत्कृष्ट तथा अरूको ख्याल राख्ने विद्यार्थी हुन्। म यी उत्कृष्ट विद्यार्थीको बारेमा ध्यानाकर्षण गर्न पाउँदा अत्यन्तै खुसी छु।

**School Choice (विद्यालय रोजाइ) को खुला भर्ना कार्यक्रम**

समयमै आवेदन बुझाउने विद्यार्थीहरूका लागि, School Choice (विद्यालय रोजाइ) को खुला भर्ना कार्यक्रममा आवेदन दिने समयावधि खुला गरिएको छ, र फेब्रुअरी 4, 2022 मा अन्त्य हुनेछ। अगस्त 31, 2022 देखि ढिलो गरी बुझाइएका आवेदनहरू स्वीकार गरिने छन्; यद्यपि, सीटको उपलब्धताको आधारमा विद्यार्थीहरू छनौट गरिनेछ। आवेदन दिन, कृपया School Choice को वेबसाइट भ्रमण गर्नुहोला।

**डिस्ट्रिक्टव्यापी सम्बोधन**

म जनवारी 26 का दिन, साँझ 6:30 बजे दोस्रो पटक डिस्ट्रिक्ट व्यापी सम्बोधन गर्नेछु। उक्त कार्यक्रम DSTV मा प्रत्यक्ष प्रसारण गरिनेछ। म हाम्रा विद्यार्थीहरूका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न हामी कसरी अगाडि बढिरहेका छौं भनेर जानकारी गराउन उत्साहित छौं।

**विद्यार्थी उपकरणसम्बन्धी सर्वेक्षण**

रिमोट लर्निङ्का साथै गृहकार्यको लागि उपयुक्त इन्टरनेट सेवा तथा उपकरण नभएका विद्यार्थीहरूका लागि इन्टरनेट सेवाहरू तथा इन्टरनेट उपकरणहरूको खर्च बहन गर्नका निम्ति Federal Communication Commission Emergency Connectivity Fund (संघीय सञ्चार आयोगको आपत्कालिन सञ्चार कोष) ले विद्यालयहरूलाई रकम बाँडफाँट गरेको छ। कृपया शैक्षिक वर्ष 2021-22 र 2022-23 का आवश्यकताहरू निर्धारण गर्नका निम्ति यो सर्वेक्षण पूरा गर्नुहोस्। डिस्ट्रिक्टले उपकरणहरू तथा इन्टरनेट सेवा खरिद गर्न यो जानकारी प्रयोग गर्नेछ जसले हाम्रा विद्यार्थीहरूलाई सहयोग प्रदान गरिरहनेछ। तपाईंसँग DeKalb County School District मा पढ्ने एकजना भन्दा बढी बच्चाहरू छन् भने, कृपया प्रत्येक बच्चाको लागि फरक सर्वेक्षण पूरा गर्नुहोस्। सर्वेक्षण पूरा गर्नका लागि, कृपया यहाँ क्लिक गर्नुहोस्।

**बृहत् गुरुयोजना**

म बृहत् गुरुयोजना (Comprehensive Master Plan वा CMP) को भर्चुअल प्रश्नोत्तर सत्रमा सहभागी भएका Principal Advisory Council (PAC) का सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु। मैले आशा गरेको छु की CMP प्रक्रियाले हाम्रो वृहत् सरोकारवाला समूहको माझमा हामीलाई विश्राम तथा पारदर्शिता निर्माण गर्न सहयोग गर्न हामीलाई सहयोग गर्नेछ। सत्रहरूका दौडान सोधिएका प्रश्नहरूको जबाफको लागि यहाँ क्लिक गर्नुहोस्। साथै, CMP का सरोकारवालाहरूको प्रतिक्रिया प्राप्त गर्ने सर्वेक्षण पूरा गर्न कृपया यहाँ क्लिक गर्नुहोस्। हामी डिस्ट्रिक्टको रूपमा निरन्तर रूपमा अगाडि बढ्ने छौं!

कृपया डिस्ट्रिक्टको समाचारका बारेमा नयाँ जानकारीको लागि हाम्रो वेबसाइट र आफ्नो विद्यालयको वेबसाइट भ्रमण गर्दै गर्नुहोला। कृपया आजको शिक्षा समितिको बैठक हेर्न यहाँ क्लिक गर्नुहोस्। तपाईंको सप्ताह राम्रोसँग बितोस्!

भवदीय,

श्रीमती Cheryl Watson-Harris